# प्रकाशबाट कथा

यस अभ्यासमा विद्यार्थीहरूले प्रकाश र छायाँको प्रयोग गरेर सृजनात्मक ढङ्गमा कथा प्रस्तुत गर्दै विज्ञान, प्रविधि र इन्जिनियरिङका विभिन्न अवधारणा र सिद्धान्तहरूबारे जान्नेछन्।

## यी सामाग्रीहरू तयार गर्नुहोस्

**आवश्यक सामग्री**

ट्रेसिङ कागज
साइन पेन
चित्र काटेर बनेका पात्रहरू
सेतो A4 कागज
<u>कागजको टेप</u>
<u>कैँची</u>
स्टेजको ढाँचा

**थप सामग्री**

काठकोको डण्ठी
कार्टुन बक्साको कागज
रबर ब्याण्ड
मोटो कागज
धागो

*नोट: रेखांकित गरिएका सामग्रीहरु विद्यार्थीहरुले एक आपसमा बाँडेर प्रयोग गर्नु पर्ने हुन्छ।*

## जिज्ञासा

सर्वप्रथम विद्यार्थीहरुलाई 2-2 जनाको समूहहरुमा विभाजन गर्नुहोस्। अनि उनीहरुलाई कथाहरू कत्तिको मन पर्छ भनेर प्रश्न गर्नुहोस्। उनीहरूलाई मन पर्ने कथाहरुका बारेमा छलफल गर्न लगाउनुहोस्। तपाईंले यही छलफलद्वारा चलचित्र, कार्टुन, नाटक, आदि पनि विभिन्न शैलीमा प्रस्तुत गरिएका कथा नै हुन् भनेर बुझाउन सक्नु हुन्छ।
उनीहरूलाई आजको कक्षा, प्रकाशको प्रयोगबाट कथा प्रस्तुत गर्नेबारे हुनेछ भन्ने बताउनुहोस्।

कुनै एक मिनेट भन्दा कम समयमा प्रस्तुत गर्न सकिने कथालाई नमुना स्वरूप प्रस्तुत गर्नुहोस्। यसरी प्रस्तुत गर्दा उनीहरुको जिज्ञासा जाग्नुका साथै कल्पनालाई आधार दिन पनि सजिलो हुन्छ।
कथा प्रस्तुत गर्दा, तपाईंले निम्न कुराहरु समावेश भएको सुनिश्चित गर्नुहोस्:

- पृष्ठभूमि बदल्ने
- पात्रहरु लाई वरीपरी चलाउने
- पात्रहरूको आकार परिवर्तन गर्ने (स्टेजबाट नजिक/टाढा सारेर)
- रङ्गीन फिल्टर प्रयोग गर्ने (रङ प्रयोग गरेर केहि भावनाहरु झल्काउन)

## अभ्यास

### कथा सिर्जना

विद्यार्थीहरुलाई उनीहरुले सुनाउन चाहेको कथाको बारेमा सोध्नुहोस्। उनीहरुले प्रस्तुत गरिएको नामुनाबाट धेरै कुरा बुझिसकेका हुन्छन्। त्यसकै आधारमा उनीहरुले आफ्नै कथा सिर्जना गर्न वा आफ्नो मनपर्दो कथा छनोट गर्न सक्छन्।

उनीहरुलाई आफ्नो कथाका लागि पात्रहरु तयार गर्न चित्रहरु भएको कागज दिनुहोस्। चित्रहरु देखेर उनीहरुलाई कथाको योजना बनाउन सजिलो हुन्छ।
विद्यार्थीहरुले आ-आफ्नो कथाबारे छलफल गरिरहँदा , कक्षा वरिपरि घुम्दै ती छलफलहरु सुन्नुहोस्। यदि कुनै समूहले

अलिक जटिल कथामा काम गर्न चाहे खण्डमा उनीहरूलाई समय र सामग्री सिमित छन् भनेर सजक गराउनुहोस्।

## स्टेज व्यवस्थापन(जडान)

विद्यार्थीहरूलाई आफ्नो कथाहरूको अभ्यास गर्नका लागि स्टेज तयार गर्न लगाउनुहोस्। उनीहरूलाई स्टेजको टेम्प्लेट वितरण गर्नुहोस्।

## कथालाई नाटकमा रूपान्तरण

विद्यार्थीलाई कथा प्रस्तुतिको भागमा काम गर्न निम्न तयारी गर्न लगाउनुहोस्:

- ट्रेसिङ पेपरमा पृष्ठभूमिहरू बनाउन
- टेम्प्लेट काटेर पात्रहरूको आकार तयार गर्न
- रङ्गीन फिल्टरहरू तयार गर्न

यी काम गर्न अलिक समय लाग्न सक्छ। विद्यार्थीहरूलाई एक आपसमा काम बाँड्न लगाउनुहोस्। यसो गर्नाले काम सजिलोसँग अगाडी बढ्छ।

विद्यार्थीहरूलाई स्टेज प्रयोग गरेर आफ्नो कथा प्रस्तुतिको परीक्षण गर्न र इच्छा अनुसार पात्रहरू फेरबदल गर्न प्रोत्साहन गर्नुहोस्।

## प्रयोगात्मक अभ्यास

विद्यार्थीहरूलाई थप प्रयोगहरू गर्न प्रोत्साहित गर्न यस्ता प्रश्नहरू सोध्न सक्नुहुन्छ।

- तिमी कस्तो प्रकारको फिल्टरहरू परीक्षण गर्न चाहान्छौ ? [जस्तै छायाँहरूको आकार परिवर्तन गर्ने, रङ्गीन फिल्टरहरू प्रयोग गर्दै आदि]
- के तिमी कथाको प्रस्तुति अझ प्रभावकारी बनाउन केहि थप्न सक्छौ ?

## प्रस्तुति

विद्यार्थीहरूलाई प्रस्तुत गर्नु अघि आफ्ना कथाहरू पूर्वाभ्यास गर्न लगाउनुहोस् र कथा प्रस्तुतिको क्रममा उत्पन्न हुन सक्ने चुनौतीहरू पत्ता लगाउनुहोस्।

पूर्वाभ्यास पछि, हरेक समूहलाई उनीहरुका कथा कक्षाको अगाडि पालैपालो प्रस्तुत गर्न भन्नुहोस्। अन्य विद्यार्थीहरूलाई एकछिन आफ्ना अरु काम रोकेर साथीहरूको प्रस्तुतिमा ध्यान दिन भन्नुहोस्।

प्रस्तुतिपछि उनीहरूलाई आफ्नो समूहमा छलफल गर्नको लागि यी प्रश्नहरु सोध्नुहोस्।

- के प्रस्तुति तिमीहरुले सोचे जस्तै भयो? के कुरा फरक थियो?
- तिमीहरु आफ्नो कथा प्रस्तुतिमा के सुधार गर्न चाहान्छौ?

## सहजकर्ताका लागि सुझाव

यो पाठ सहजीकरण गर्दा हामीले उपयोगी हुने यी सुझावहरू उपयोगी हुने पायौं:

- यस अभ्यासलाई सामान्यतया अरुलाईभन्दा बढी समय चाहिन्छ किनकि विद्यार्थीहरुले कथा, पृष्ठभूमि तयार गर्दै प्रस्तुतिको पूर्वाभ्यास समेत गर्नु पर्छ।
- आफ्नै पात्रहरु सिर्जना गर्दा विद्यार्थीहरुले प्रायः पात्रहरूको आकार प्रष्ट गरी काट्दैनन्, जसले गर्दा छायाँ उनीहरुले सोचेको भन्दा फरक देखिन सक्छन्।
- कतिपय विद्यार्थीहरु, जसले आफ्नो तोकिएको समयमा सोचेजस्तो कथा सिर्जना गर्न भ्याउदैनन, ती विद्यार्थीहरु अन्य समूहका राम्रा कथाहरु देखेर हतोत्साहित हुन सक्छन्। सहजकर्ताले राम्रो काम गरेका विद्यार्थीहरुको अत्यधिक प्रसंशा नगर्न र उनीहरुको बीच तुलना नगर्न सजक गर्नु पर्छ।

- विद्यार्थीहरूलाई कस्तो रङको पर्दाले कस्तो भावना देखाउने भन्ने स्पष्ट थाहा नहुन सक्छ। तपाईंले उनीहरूलाई रङद्वारा भावनाहरू बुझाउन सहयोग गर्दै फिल्टरहरूको राम्रो प्रयोग गर्न मद्दत गर्न सक्नुहुन्छ।

## विचार

### चिन्तन

विद्यार्थीहरूलाई आफ्नो सिकाई अनुभवबारे समिक्षा गर्न मद्दत पुर्याउन प्रश्नहरू सोध्नुहोस्। जस्तै:

- यस अभ्यासपछि चलचित्र र नाटक प्रति तिमीहरूको धारणा कसरी परिवर्तन भएको छ ?
- आफ्ना कथा बनाएर प्रस्तुत गर्ने क्रममा तिमीहरुले के-कस्ता चुनौतीहरुको सामना गर्यौं? ती चुनौतिहरुलाई कसरी पार गर्यौं ?

तपाईंले उनीहरूको विचारलाई मद्दत पुग्ने तल दिएका जस्ता वाक्यका ढाँचाहरू पनि दिन सक्नुहुन्छ। जस्तै:

- मैले सिकेको दुईवटा कुरा _____________हुन्।
- म पहिले _________ सोच्थे र अहिले म _________सोच्छु।
- मेरो लागि अभ्यासको सबैभन्दा रोचक भाग _________ थियो किनभने _________

विद्यार्थीहरूलाई समिक्षात्मक प्रतिप्रश्न गर्न इच्छुक बनाउन 2 वा 3 वटा समूहलाई गाभेर एउटै ठूलो समूह बनाउनुहोस्। प्रत्येक समूहलाई A4 कागज अथवा चार्ट पेपरमा साधारण पोस्टर बनाउन दिनुहोस्। ती पोस्टरहरुले पाठ र उनीहरूको सिकेको सारांश प्रस्तुत गरून्।

### विशेषज्ञ जसरी सोचेर हेरौँ. . .

विद्यार्थीहरूलाई विभिन्न विशेषज्ञहरुको दृष्टिकोणबाट सोच्न मद्दत गर्ने रोचक किसिमका प्रश्नहरू सोध्नुहोस्।

**भौतिकशास्त्री जसरी सोचेर हेरौँ**

- पर्दाबाट वस्तुको दूरीसँगै छायाँको आकार किन परिवर्तन हुन्छ?
- फिल्टरको प्रयोग गर्दा प्रकाशको रङ पनि किन परिवर्तन भएको होला?

**इन्जिनियर जसरी सोचेर हेरौँ**

- पृष्ठभूमिहरू बनाउन ट्रेसिङ पेपर किन प्रयोग गरिन्छ? के यसको सट्टा अपारदर्शी A4 पानाहरू प्रयोग गर्न सकिन्छ?

**कलाकार जसरी सोचेर हेरौँ**

- रङको छनोटले कथा प्रस्तुतिलाई कसरी असर गर्न सक्छ?

**निर्देशक जसरी सोचेर हेरौँ**

- नाटकमा संवाद र कथावाचनको भूमिका के हुन्छ?
- कथा प्रस्तुतिलाई अझ प्रभावकारी बनाउन तिमीहरूले कस्तो फिल्टर थप्न सक्छौ ?
- कथा लेख्नु त्यसलाई नाटकमा चित्रण गर्नुभन्दा कसरी फरक छ?

## नमूना पाठ योजनाहरू

1. **60 मिनेटको कक्षा**

### सिकाईको उद्देश्य

यस पाठको उद्देश्य विद्यार्थीहरूलाई प्रकाशको प्रयोगले कथा प्रस्तुत गर्दै खेलमैत्री सिकाईको अनुभव गराउने र उनीहरूलाई सकेसम्म अभ्यासका क्रममा रमाइलो गर्न प्रोत्साहन गर्ने रहेको छ।

### कक्षाको सन्दर्भमा

यो नमूना पाठ कक्षा 8 का विद्यार्थीहरुको लागि बनाइएको हो। एउटा कक्षाका लागि **60 मिनेटको** समय उपलब्ध हुन्छ।

## पाठ्य प्रवाह

**जिज्ञासा (10/10 मिनेट)**

विद्यार्थीहरूलाई उनीहरूको मनपर्ने कथाहरूका बारेमा छलफल गर्न लगाउनुहोस्| तपाईंले यही छलफललाई चलचित्र, कार्टुन, नाटक, आदि पनि भिन्न ढंगले प्रस्तुत गरिएका कथा नै हुन् भन्ने बुझाउन प्रयोग गर्न सक्नु हुन्छ। उनीहरूको प्रतिक्रिया सुनेपछि आज उनीहरूले कथा प्रस्तुतिको नौलो तरिकाबारे सिक्नेछन् भन्ने जानकारी गराउनुहोस्।

तपाईंले उनीहरूका लागि तयार गर्नुभएको कथा प्रस्तुत गर्नुहोस्। तपाईंले आफ्नो प्रस्तुतिमा निम्न कुराहरू समावेश गर्न सक्नुहुन्छ।

- पृष्ठभूमि बदल्ने
- पात्रहरूलाई वरीपरी चलाउने
- पात्रहरूको आकार परिवर्तन गर्ने (स्टेजबाट नजिक वा टाढा सारेर)
- रङ्गीन फिल्टर प्रयोग गर्ने (रङ प्रयोग गरेर केहि भावनाहरू झल्काउन)

**अभ्यास (30/45 मिनेट)**

**कथा**

विद्यार्थीहरूलाई आफूले प्रस्तुत गर्न चाहेको कथा छनोट गर्न 5 मिनेट समय दिनुहोस्। उनीहरूलाई कथाको बारेमा सोच्न मद्दत पुर्याउन पात्रहरूको टेम्प्लेट दिनुहोस्। यस 60 मिनेटको कक्षा/सत्रमा समय कम हुन्छ त्यसैले उनीहरूले पहिले नै सुनिसकेका कथा छान्न लगाउनुहोस्। यद्यपि, यदि कुनै समूहले आफ्नै कथा सिर्जना गर्न चाहन्छन् भने छिट्टो सक्ने गरी आफ्नो कथा सिर्जना गर्न लगाउनुहोस्।

**जडान**

टेम्प्लेट र पत्रहरूको आकृति भएको कागज वितरण गरेर विद्यार्थीहरूलाई स्टेज तयार गर्न लगाउनुहोस्। उनीहरूलाई मद्दतको लागि विद्यार्थी गाइड हेर्न लगाउनुहोस्। यसका लागि उनीहरलाई गर्न 10 मिनेट दिनुहोस्।

**कथालाई नाटकमा रूपान्तरण**

यदि कुनै समूहहरूले उनीहरूको कथाको लागि कुनै पनि श्रिंगार गर्न(सजाउन) चाहन्छन् भने, उनीहरूले उपलब्ध भएका थप सामग्रीहरू प्रयोग गर्न सक्छन्। यसका लागि उनीहरूलाई 15 मिनेट दिनुहोस्।

विद्यार्थीहरूलाई ट्रेसिङ पेपर, रङ, उपलब्ध गराउनुहोस्। उनीहरूलाई पृष्ठभूमि, रङ्गीन फिल्टरहरू सिर्जना गर्न दिनुहोस् र पात्रहरू तयार पार्न भन्नुहोस्।

**प्रस्तुति**

विद्यार्थीहरूलाई आफ्ना छेउका साथीहरूसँग कथा प्रस्तुत गर्न लगाउनुहोस् । यदि उनीहरूसँग समय छ भने, उनीहरूले अरू समूहहरूमा पनि आफ्नो कथाहरू प्रस्तुत गर्न र उनीहरूका कथाहरू हेर्न सक्छन्।

**विचार (5/60 मिनेट)**

विद्यार्थीहरूलाई आफ्नो सिकाई अनुभवका बारेमा समिक्षा गर्न मद्दत पुग्ने केहि प्रश्नहरू सोध्नुहोस्। विद्यार्थीहरूलाई यी प्रश्नहरू आफ्ना समूहका सदस्यहरूसँग छलफल गर्न लगाई मुख्य बुँदाहरूलाई स्टिकी नोटमा टिपेर बोर्डमा टास्न लगाउनुहोस्।

- यस पाठमा तिमीहरूले सिकेका दुईवटा कुरा के-के हुन्?
- यस कथा प्रस्तुतिको अभ्यासमा आफ्नो कथा बनाउँदा कस्ता अद्भुत आइडियाहरू उत्पन्न भए?

## 2. दुईवटा 45 मिनेटको कक्षाहरू

## सिकाईको उद्देश्य

विद्यार्थीलाई प्रकाश र छायाँ प्रयोग गरी कथाहरू प्रस्तुत गर्न लगाएर खेलमैत्री सिकाईको अनुभव गराउने र उनीहरूलाई सकेसम्म सृजनात्मक रुपमा सोच्दै विज्ञान, प्रविधि र कलाहरू बीचको सम्बन्धहरू नियाल्न जोड दिने यस पाठको उद्देश्य रहेको छ।

## कक्षाको सन्दर्भमा

यो नमुना पाठ कक्षा 7 का विद्यार्थीहरुका लागि बनाइएको हो।। एउटा कक्षाका लागि 45 मिनेट समय उपलब्ध हुनेछ (एकोहोरो/लगातरका कक्षा हुन्छन् भन्ने छैन)।

## पाठ्य प्रवाह

### पहिलो कक्षा

**जिज्ञासा (5/5 मिनेट)**

विद्यार्थीहरुसँग उनीहरुको मनपर्ने कथाहरुको बारेमा चर्चा गर्नुहोस्। उनीहरुले आफूले पढेका वा सुनेका कथाहरुको कुरा गर्न थालेपछि चलचित्र, कार्टुन र चुटकिलाहरु पनि कथाहरु नै हुन भनी बुझाउनुहोस्। उनीहरुको प्रतिक्रिया लिई सकेपछि आज उनीइहरुले कथा प्रस्तुत गर्ने एउटा नौलो तरिका सिक्नेछन् भन्ने जानकारी गराउनुहोस्।

तपाईंले उनीहरुका लागि तयार गर्नुभएको कथा प्रस्तुत गर्नुहोस्। तपाईंले प्रस्तुतिमा निम्न कुराहरु समावेश गर्न सक्नुहुन्छ।

- पृष्ठभूमि बदल्ने
- पात्रहरुलाई वरीपरी चलाउने
- पात्रहरुको आकार परिवर्तन गर्ने (स्टेजबाट नजिक वा टाढा सारेर)
- रङ्गीन फिल्टर प्रयोग गर्ने (रङ प्रयोग गरेर केहि भावनाहरु झल्काउन)

**अभ्यास (30/40 मिनेट)**

**कथा**

विद्यार्थीहरुलाई उनीहरुले प्रस्तुत गर्न चाहेको कथा छनोट गर्न 10 मिनेट दिनुहोस्। उनीहरुलाई कथाको बारेमा सोच्न मद्दत पुर्याउन पात्रहरुको टेम्प्लेट दिनुहोस्। यदि कुनै समूहले आफ्नै कथा सिर्जना गर्न चाहे भने धेरै ठूलो लक्ष्य नराखी आफ्नो कथा सिर्जना गर्न अनुमति दिनुहोस्।

**कथालाई नाटकमा रुपान्तरण**

विद्यार्थीहरुलाई स्टेज टेम्प्लेट, ट्रेसिङ पेपर, रङ, उपलब्ध गराउनुहोस्। अनि उनीहरुलाई आफ्नो कथाका लागि पात्र बनाउन आकृति भएको नमुना पनि दिनुहोस्। विद्यार्थीहरुले अर्को कक्षामा आफ्नो काम जारी राख्नेछन् ।

**विचार (5/45 मिनेट)**

विद्यार्थीहरुलाई उनीहरुको सिकाई अनुभवबारे समिक्षा गर्न मद्दत पुर्याउने प्रश्नहरु सोध्नुहोस्। विद्यार्थीहरुले यी प्रश्नहरु आफ्ना समूहका सदस्यहरुसँग छलफल गर्न सक्छन्।

- अभ्यासको सबैभन्दा रमाइलो भाग के थियो? किन?
- तिमीहरुले यस पाठमा सिकेका दुईवटा कुराहरु उल्लेख गर।

### दोस्रो कक्षा

**स्मरण (5/5मिनेट)**

विद्यार्थीहरुलाई आफ्नो पहिलाकै कक्षाको समूहमा बस्न लगाउनुहोस् अनि कक्षामा गरेका क्रियाकलापहरु स्मरण गर्न लगाउनुहोस्। यसका लागि तपाईंले कक्षामा 1-2जाना स्वयंसेवकहरु पनि खटाउन सक्नुहुन्छ।

**अभ्यास (30/40 मिनेट)**

**कथालाई नाटकमा रुपान्तरण**

विद्यार्थीहरुलाई ट्रेसिङ पेपर, रङ, आदि उपलब्ध गराउनुहोस्। उनीहरुलाई आफ्नो पहिला कै कक्षाको आफ्नो काम जारी राख्न भन्नुहोस्। यसका लागि 15 मिनेट दिनुहोस्। उनीहरु अभ्यासमा पोख्त हुँदै गएपछि सकेसम्म धेरै प्रयोग र परीक्षण गर्न प्रोत्साहन गर्नुहोस्। उनीहरुले आफ्नो तयारी पुरा गरीसकेपछि प्रस्तुतिको पुर्व-तयारी गर्न लगाउनुहोस्।

**प्रस्तुति**

समूहहरूलाई पालैपालो कक्षाको अगाडी आ-आफ्नो कथा प्रस्तुत गर्न लगाउनुहोस् ।कथालाई सम्पूर्ण कक्षाका लागि स्पष्ट रुपमा देखाउनको लागि, पृष्ठभूमिलाई उज्यालो बनाउन तपाईंले आफ्नो सेलफोनको फ्ल्यासलाईट प्रयोग गर्न सक्नुहुन्छ। सबै समूहहरूले प्रस्तुत गर्नै पर्छ भन्ने छैन। आफ्नो कथा प्रस्तुत गर्न उत्सुक समूहहरू छान्नुहोस्।

**विचार (5 /45 मिनेट)**

विद्यार्थीहरूलाई आफ्नो सिकाई अनुभवका बारेमा समिक्षा गर्न मद्दत पुग्ने केहि प्रश्नहरू सोध्न सक्नुहुन्छ। विद्यार्थीहरूलाई यी प्रश्नहरू आफ्ना समूहका सदस्यहरूसँग छलफल गर्न लगाई मुख्य बुँदाहरूलाई स्टिकी नोटमा टिपेर बोर्डमा टास्न लगाउनुहोस्।

- यस पाठपछि चलचित्र र नाटक प्रति तिमीहरूको दृष्टिकोण/धारणा कसरी बदलिएको छ?
- यस अभ्यासमा के कस्ता चुनौतीहरूको सामना गर्नु पर्यो? कसरी सामाधान गर्यौं?

***शिक्षक भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्***